# मध्यवर्ती क्षेत्र व्यवस्थापनः केही विसङ्गतिहरु

■ **सोमत घिमिरे**

वि.सं. २०२९ सालमा संरक्षित क्षेत्रको अवधारणा अगाडि सार्दा नै मध्यवर्ती क्षेत्र व्यवस्थापनको कुरा ऐनमा उल्लेख गरिएको थियो । तर पनि ऐन आएको ३३ वर्ष पछि अर्थात् वि.सं. २०५२ सालमा मध्यवर्ती क्षेत्रको व्यवस्थापन नियमावली औपचारिकरुपमा आयो । ३३ वर्षसम्म सरकार ऐनमा व्यवस्था भए बमोजिमका नियमावली ल्याउने कुरामा सचेत रहेन । बहुदलीय व्यवस्थाको आगमन पछि निकुञ्ज वरिपरिका निर्वाचित सांसदहरुले आवाज उठाए पछि सरकारले नियमावलीको घोषणा गऱ्यो र मध्यवर्ती क्षेत्र व्यवस्थापनको कुरालाई अलिकति प्राथमिकता दियो ।

जहाँसम्मका मानिसहरुको संरक्षित क्षेत्रसँग जीविका जोडिन्छ र संरक्षित क्षेत्रले जहाँसम्म असर गर्दछ, त्यस्तो क्षेत्रलाई मध्यवर्ती क्षेत्रका रुपमा परिभाषित गरियो । वि.सं. २०२९ सालमा बनेको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनले मध्यवर्ती क्षेत्रलाई यसरी परिभाषित गर्दछ- “मध्यवर्ती (बफरजोन) भन्नाले स्थानीय वासिन्दालाई नियमित रुपमा वन पैदावार उपभोग गर्न पाउने सहुलियत पैदा गर्नका लागि राष्ट्रिय निकुञ्ज वा आरक्ष वरिपरिको तोकिएको क्षेत्रलाई सम्झनुपर्छ ।”

मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावलीमा सामुदायिक वन सम्बन्धी व्यवस्था गरिएको छ । उक्त नियमावलीलाई विश्लेषण गर्दा निकुञ्जका वार्डेन अर्थात् प्रमुख संरक्षण अधिकृतलाई अत्यन्तै धेरै अधिकार दिइएको छ । स्थानीय जनसमुदाय जो वनका सच्चा संरक्षक हुन् उनीहरुलाई विश्वास नगरी कर्मचारीतन्त्र माथि भरोसा गरिएको छ । पाइला पाइलामा कर्मचारीतन्त्रको प्रशासनिक नियन्त्रणलाई ठाउँ दिइएको छ । उदाहरणका लागि समुदायले भोग चलन गरेको पूरै वा आंशिक वन कति दिने संरक्षकको स्वविवेकमा छोडिएको छ । कार्ययोजनाको अन्तिम टुङ्गो संरक्षकले लगाउने छन् भनिएको छ । कार्ययोजना बमोजिम काम नगरेमा १५ दिन भित्र स्पष्टीकरण माग गरी चित्तबुझ्दो जवाफ नआएमा संरक्षक आफैले व्यवस्थापन गर्न सक्नेछन् भन्ने जस्ता प्रावधानहरुले स्रोत व्यवस्थापन र संरक्षणका मूल बाहक शक्तिका रुपमा जनतालाई स्थापित गरिएको छैन । हिजो असफल भइसकेका मान्यताहरुलाई जबरजस्ती रुपमा मध्यवर्ती क्षेत्र भित्र क्रियाशील गराइएको छ ।

वन ऐन, २०१८ ले सम्पूर्ण प्राकृतिक स्रोतहरुको संरक्षण र व्यवस्थापन राज्य आफैले गर्ने नीति अगाडि साऱ्यो । यो ऐन सामान्य संशोधन हुदै वि.सं.२०४५ सालसम्म आइपुग्यो । सरकारी तथा गैर सरकारी क्षेत्रको साझा अवधारणा के रह्यो भने “जनताको सक्रिय सहभागिता विना राज्यद्वारा प्राकृतिक स्रोतको उचित व्यवस्थापन हुन सम्भव छैन” । त्यही अवधारणा अनुसार वन विकास गुरुयोजना, २०४५ ले जनताको सहभागिता केन्द्रित नीति अगाडि साऱ्यो । तर मध्यवर्ती क्षेत्रभित्रको सामुदायिक वन (सा.व.) भित्र जनताको सहभागिताको महत्वलाई अहिलेसम्म पनि स्थान दिइएको छैन ।

### मध्यवर्ती क्षेत्र र बाहिर कानुनमा देखिएको फरक

सा.व.का हिसाबमा वन ऐन, २०४९ र मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को कानुनीरुपमा तुलनात्मक विश्लेषण तल प्रस्तुत गरिएको छ ।

| क्र.सं. | विषय/क्षेत्र | वन ऐन, २०४९ (सामुदायिक वन) | मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली २०५२ |
|---|---|---|---|
| १ | समूह दर्ता | जिल्ला वन कार्यालय | प्रमुख संरक्षण अधिकृतको कार्यालय |
| २ | कानुनी हैसियत | उपभोक्ता समूह अविच्छिन्न उत्तराधिकारवाला, स्वशासित र संगठित संस्था हुने | उपभोक्ता समूह अविच्छिन्न उत्तराधिकारवाला, स्वशासित र संगठित संस्था नहुने |
| ३ | विधान निर्माण | समूहले निर्माण गर्ने | समूहले निर्माण गरी समितिले अगाडि बढाउने |
| ४ | कार्य योजनाको निर्माण | समूहले बनाई जिल्ला वन कार्यालयबाट स्वीकृत गराउने | समितिले प्रमुख संरक्षण अधिकृतको कार्यालयबाट स्वीकृत गराउने |
| ५ | संशोधन | समूहले कार्ययोजना संशोधन गरी जि.व.का. बाट स्वीकृत गराउने | प्रमुख संरक्षण अधिकृतले संशोधन गर्ने |
| ६ | हस्तान्तरण | वन सिधै समूहलाई हस्तान्तरण हुने | वन मध्यवर्ती उपभोक्ता समिति मार्फत् समूहमा हस्तान्तरण हुने |
| ७ | कोश | समूहको छुट्टै बैंक खाता रहने | बैंक खाता सम्बन्धमा स्पष्ट व्यवस्था नभएको |
| ८ | सजाय | उपभोक्ता समूहले नै उपभोक्तालाई दण्ड जरिवाना गर्न सक्ने | प्रमुख संरक्षण अधिकृतले दण्ड जरिवाना गर्ने |
| ९ | वन फिर्ता | जिल्ला वन कार्यालयले फिर्ता लिन सक्ने | प्रमुख संरक्षण अधिकृतले फिर्ता गर्न सक्ने |
| १० | पुनः हस्तान्तरण | फिर्ता गरिएको सामुदायिक वन पुनः हस्तान्तरण गर्नुपर्ने | स्पष्ट कानुनी व्यवस्था नभएको |

कानुनमा देखिएको यस्तो अन्तरविरोधलाई शाही चितवन राष्ट्रिय निकुञ्नका प्रमुख संरक्षण अधिकृत (वार्डेन) शिवराज भट्ट मध्यवर्ती क्षेत्रभित्रको काठ बाहिर लैजान नदिने गरी अरु कानुनहरुमा समानताको लागि पाइला चाल्नुपर्ने बताउनु हुन्छ । मध्यवर्ती क्षेत्र भित्रको सा.व.मा प्रमुख संरक्षण अधिकृतलाई बढी अधिकार दिइए पनि व्यवहारमा त्यो अभ्यास नभएको कुरा उहाँले जानकारी गराउनु भयो । उहाँका अनुसार अन्तिम अवस्थामा मात्रै त्यसको प्रयोग गर्ने व्यवहारिक अभ्यास छ । यही सवालमा मध्यवर्ती क्षेत्रभित्र वनमा चासो राख्दै आएका सामुदायिक विकास सङ्गठनका कार्यकर्ता सन्तोष अधिकारी भन्छन्- व्यवहारमा त्यो कानुनको अभ्यास छैन भने अव्यवहारिक बुँदाहरुलाई नीतिगत तहमै संशोधन गर्नेतिर किन पाइला नचाल्ने ? यसलाई सार्वजनिक बहसको विषय बनाइनुपर्छ र जनताको सहभागितामा कानुन संशोधनको प्रक्रिया अगाडि बढाउन ढिलाइ भइसकेको छ ।

## सीमाना विवाद

नीतिगत रुपमा देखिएका सीमाना विवादले व्यावहारिक रुपमा निकै व्यवधानहरु उत्पन्न भएका छन् । मध्यवर्ती क्षेत्रले आफ्नो सीमाङ्कन गरेको छ । मध्यवर्ती भित्र रहेका वनका उपभोक्ताहरु अहिलेको सीमाङ्कनमा मध्यवर्तीभन्दा बाहिर पर्दछन् । यसरी बाहिरका उपभोक्ताहरुलाई सा.व. उपभोक्ता समूहको सदस्य हुन र वन पैदावारको उपयोग गर्न वञ्चित गरेको छ जसले गर्दा परम्परा देखिका उपभोक्ताहरु अहिले बाहिर परेका छन् । भरतपुर नगरपालिका वडा नं. ८ र ९ गौरीगञ्जमा यो समस्या टड्कारो रुपमा देखिएको छ । नजिकको वरण्डाभार वनलाई वि.सं. २०५१ सालमा नै स्थानीय समुदायले सा.व.का रुपमा अगाडि बढाउन चाहे र केही पछि मध्यवर्ती क्षेत्रको सीमाङ्कन भयो । १२४१ घरधुरीले संरक्षण, सम्बर्द्धन र उपयोग गरिराखेको वन, वन सीमाङ्कनले

२५० घरधुरी मात्रै मध्यवर्ती क्षेत्रभित्र पारियो तर ९९१ घरधुरी नीतिगत रुपमा नै त्यो वनको उपयोगबाट बञ्चित गराइयो । यस्तो अवस्थालाई मध्यवर्ती क्षेत्र विकास परिषद्का पूर्व अध्यक्ष तथा वरण्डाभार सा.व.का उपभोक्ता केशव देवकोटा भन्छन्- "कि त मध्यवर्ती क्षेत्रको सीमाङ्कन नै पुनः गर्नुपऱ्यो होइन भने मध्यवर्ती क्षेत्र सा.व. नियमावलीमा परिवर्तन ल्याउनु पऱ्यो । अन्यथा यसले धेरै उपभोक्ताहरुलाई मारमा पार्नेछ । घाँस, दाउरा, खर जस्ता वनमा आश्रित कुराहरुमा स्थानीय जनसमुदायले के गर्ने ? परापूर्वकालदेखि प्रयोग गर्दै आएको वन एकाएक प्रयोग गर्न नपाउदा ठूलो अप्ठ्यारो खडा हुन्छ" । यसमा उहाँ थप्दै भन्नु हुन्छ- "नियममा जति अप्ठ्यारो भएपनि सा.व.का रुपमा हस्तान्तरण भएपछि उपभोक्ताहरुको वनप्रतिको मोह बढेको छ । संरक्षण राम्रो हुनाले स्रोतको उपलब्धता पनि बढेको छ" । यस्तो अवस्थामा पनि नीति नियमहरु प्रजातान्त्रिकरण गर्न सकिएन भने यसले स्रोत संरक्षण एवं व्यवस्थापनमा नै व्यवधान उत्पन्न हुन सक्दछ । यो अप्ठ्यारो कहाँ कहाँ, कुन कुन वनमा छ अध्ययन भने भएको छैन । यसरी व्यावहारिक चर्चा गर्दा सुरुमा शाही चितवन राष्ट्रिय निकुञ्ज सा.व. प्रति सकारात्मक थिएन । बिस्तार बिस्तार सा.व. प्रति निकुञ्ज सकारात्मक हुँदै आयो । तर अहिले पनि पूर्णरुपमा सकारात्मक भएको स्थानीय जनसमुदायलाई विश्वास छैन ।

अहिले पनि एउटा प्रश्न जीवित छ- सीमाङ्कन कसले र कुन प्रक्रियाद्वारा गर्ने हो ? यो समस्या सीमाङ्कनमा जनताको सहभागिता नभएकोले उठेको कुरामा विवाद छैन । मध्यवर्ती क्षेत्रका बासिन्दा तथा पत्रकार कृष्ण गिरीका विचारमा जनताको प्रत्यक्ष नेतृत्वमा र सरकारको प्राविधिक सहयोगमा मात्रै सीमा निर्धारण हुनुपर्थ्यो । तर यो सीमाना कहिले, कुन प्रक्रियाद्वारा, कसले निर्धारण गऱ्यो भन्ने कुरा सामान्य जनतालाई थाहै छैन । जसले त्यो निर्णयको असर भोग्नुपर्ने हो, उसले निर्णयमा सहभागी हुने वातावरण सिर्जना नै नगरेकाले यो विवाद उठेको कुरा गिरी बताउँछन् ।

**उपभोग र व्यवस्थापनमा परेको अप्ठ्यारो**

मध्यवर्ती क्षेत्रका सा.व.बाट अहिले पनि घाँस दाउरा खोज्न र लडेपडेका काठ सङ्कलन गर्न निकुञ्ज प्रशासनलाई अग्रिम जानकारी गराउनु पर्दछ । हस्तान्तरण भइसके पछि पनि यसरी जानकारी गराउनु पर्ने नीति अत्यन्तै अप्रजातान्त्रिक भएको मध्यवर्ती विकास परिषदका अध्यक्ष कृष्ण भुर्तेलको ठहर छ । उहाँका अनुसार नीति नियमलाई प्रजातान्त्रिकरण गर्दै राष्ट्रिय आय वृद्धिमा योगदान पुऱ्याउन सक्ने र सा.व. मार्फत् गरिबी निवारणका लागि ग्रामीण पर्यटन विकासलाई अगाडि बढाउनु पर्ने देखिन्छ । यस क्षेत्रमा सा.व.लाई व्यवस्थित रुपमा अगाडि बढाउने हो भने ग्रामीण पर्यटन विकास हुन सक्ने अरु आधारहरु पनि छन् । थारु, बोटे, माझी, कुमाल, दराईका सांस्कृतिक विविधता र सा.व.को अवलोकन पर्यटकहरुको लागि आकर्षक नहोला भन्न सकिन्न । जिल्ला विकास समिति चितवनका कार्यक्रम अधिकृत हरिश्चन्द्र पण्डितका विचारमा- "मध्यवर्ती क्षेत्र भित्र काम गर्ने गैर सरकारी संस्था तथा स्थानीय निकायले सा.व.मा चाख बढाउनु पर्ने देखिएको छ । गरिबी निवारणका लागि महत्वपूर्ण भूमिका खेल्न सक्ने सा.व.का नीतिगत तथा व्यावहारिक अप्ठ्याराहरु हटाउनका लागि स्थानीय जनसङ्गठन मार्फत् नीतिगत तहमा आवाज पुऱ्याउनु पर्ने बेला आइसकेको छ ।" प्रमुख संरक्षण अधिकृतलाई यसरी धेरै अधिकार दिएर, स्थानीय जनतालाई अविश्वास गरेर दिगो स्रोत व्यवस्थापन नहुने कुरामा अब विवाद छैन- पण्डितको थप भनाइ छ । चितवनका पूर्व जिल्ला वन अधिकृत बज्रकिशोर यादव भने यस्तो फरक नियमावलीलाई स्वाभाविक ठान्दछन् । उनी भन्दछन्- "मध्यवर्तीको मुख्य धारणा निकुञ्ज संरक्षण

हो । तसर्थ अन्यत्रकै जस्तो सा.व. नियमावली मध्यवर्ती क्षेत्रका लागि उपयोगी हुदैन । मध्यवर्ती भन्दा बाहिर काठ दाउरा बिक्री वितरण गरी वन समूहले सामुदायिक विकास गर्दछ भने मध्यवर्ती क्षेत्र भित्र मध्यवर्ती उपभोक्ता समितिले नै विकासका काम गर्दछ । यस्तो नियमावली निकुञ्जको संरक्षणलाई आधार मानेर ल्याइएको हो ।"

**हस्तान्तरणमा ढिलाइ**

वि.सं. २०५२ सालबाट हस्तान्तरणको लागि प्रयास गरिएको नवलपरासी कुमारवर्ती मध्यवर्ती सा.व. हालसम्म पनि हस्तान्तरण भएको छैन । निकुञ्जले मागेको जति सबै कागजात बुझाउँदा पनि हस्तान्तरण नभएकोमा उक्त वनका पूर्व अध्यक्ष इन्द्र भुषाल भन्छन्- "के कस्तो प्रक्रिया पुऱ्याएमा सा.व. हस्तान्तरण हुने हो हामीले त बुझ्नै छाड्यौं । सबै प्रक्रिया र कागजात पुऱ्याउँदा पनि हस्तान्तरण नभएपछि जाँगर पनि मर्दै आएको छ ।" चितवनको वरण्डाभार सा.व. हस्तान्तरण हुँदा एउटा व्यापक चर्चा चलेको थियो कि अरु वनलाई हस्तान्तरण नगर्ने र वरण्डाभारलाई मात्रै गर्ने किन ? धेरैको एकमत थियो- उक्त वनको उपभोक्ता मध्यवर्ती क्षेत्र विकास परिषद्का तत्कालिन अध्यक्षको पहुँचका आधारमा वन हस्तान्तरण भयो । यसरी पहुँचका आधारमा वन हस्तान्तरण हुने हो भने कमजोर वर्गले सा.व. प्रक्रिया सुरु नगरे पनि भयो । सामाजिक कार्यकर्ता बुद्धिराम चौधरी हस्तान्तरणको सवालमा निकुञ्जको कुटनीति ठूलो भएको कुरा बताउँछन् । उनी भन्छन्- "निकुञ्ज प्रशासनले हस्तान्तरणका लागि जनताका प्रयासलाई थकाउने र अल्छी बनाउने रणनीति अंगालेको कुरा प्रष्ट देखिएको छ" । जाँदाजाँदा हैरान भएपछि कति दिन जाने ? आफ्नो घरधन्दा पनि गर्नै पऱ्यो । जनताले वन त जोगाउन् तर हस्तान्तरण गर्न नपरोस् भन्ने निकुञ्जको भित्री नियत नै बडो खतरनाक भएको कुरा बुद्धिराम बताउँछन् ।

मध्यवर्ती क्षेत्र भित्र सा.व.लाई बढवा दिन शाही चितवन राष्ट्रिय निकुञ्जको सक्रिय प्राविधिक सहयोगको जरुरी छ । अन्यथा वन उपभोक्ताहरुलाई यसले निराश बनाउँछ । अन्ततोगत्वा वन प्रतिको मोह घटाउछ । निकुञ्ज प्रशासन यसरी सकारात्मक भएर आएन भने मध्यवर्ती विकास परिषदले यस विषयलाई सम्वेदनशील भएर अगाडि बढाउनु पर्ने स्थिति छ । नीति जस्तोसुकै भएपनि स्थानीय रुपमा वनको संरक्षण, सम्बर्द्धन त भइराखेको छ । अझै नीतिलाई नै प्रजातन्त्रीकरण गर्ने हो भने मध्यवर्ती क्षेत्रको वन व्यवस्थापनमा ठूलो फड्को मारिने छ ।

(लेखक सामुदायिक विकास सङ्गठनमा कार्यरत हुनुहुन्छ ।)